वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०४।२६ गतेको सातौ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १.** यस अघीका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई क्रमश: कार्यान्वयन गर्दै जाने ।

**निर्णय न. २.** वीरेन्द्रनगर नगरपालिका पहिलो पक्ष र पी.आर. कन्सट्रक्सन, चागुनारायण -२, भक्तपुर दोस्रो पक्ष भएको सिटि वसपार्कको आय ठेक्कामा वीरेन्द्रनगर पालिकालाई दोस्रो पक्षले बुझाउनु पर्ने हालसम्मको मासिक हुन आउने कुल भाडा र सम्झौतामा उल्लेख भए अनुसारको हर्जना रकम बुझाउन नगरपालिकाको तर्फवाट पटक पटक ताकेता गरेको, मिति २०७९।०३।२४ को पत्र मार्फत सवै व्यहोरा खुलाई पत्राचार भएको अवस्थामा पनि दोस्रो पक्षले राजस्व वुझाउने तर्फ ध्यान नदिई सम्झौताको अपव्याख्या गरि सम्झौता विपरितका गतिविधि गरेकोले वीरेन्द्रनगर नगर कार्यपालिकाको मिति २०७९।०३।३१ को निर्णयानुसार राजस्व रकम असुल उपरको लागि न्यायीक प्रकृयामा अदालत जाने साथै वसपार्क व्यवस्थापन कार्यविधि, २०७६ को दफा १२(ड)(५) मा उल्लेख भए अनुसार सम्झौता तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई (दोस्रो पक्ष) हाल सम्मको हुन आउने कुल आय राजस्व र हर्जना समेत बुझाउने गरि अन्तिम पटक सफाई पेश गर्ने मौका दिने र सोको लागि पी.आर. कन्स्ट्रक्सनको नाउँमा पुन: औपचारिक कानूनी सूचना पठाउने निर्णय भई मिति २०७९।०४।०५ मा कार्यपालिकाको निर्णय समेत संलग्न राखी पत्राचार भएको ।साथै विभिन्न मितिमा कान्तिपुर र नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कम्पनीलाई रकम वुझाउन ताकेता सहित दोस्रो पक्षका नाममा सार्वजनिक रुपमा समेत कानूनी सूचना पठाईएकोमा दोस्रो पक्ष पी.आर. कन्सट्रक्सनबाट रकम तिर्ने सम्वन्धमा कुनै पनि मनसाय नराखी विभिन्न जालझेल र शर्तहरुको अपव्याख्या गरि सम्झौता विपरितको काम गरेको र उक्त कम्पनीका स्थानीय प्रतिनिधि मिति २०७९।०४।१३ मा वसपार्कको ठेक्का व्यवस्थापनको जिम्मेवारी वेवारिस छाडी सम्पर्क विहिन समेत भएकोले सो विषयमा के भएको हो ? प्रतिकृया सहित दोस्रो पक्षलाई सम्पर्क राख्न कार्यालयको तर्फवाट पत्र सहित सार्वजनिक सुचना समेत जारी गरि सकिएको अवस्था छ । कार्यालयको तर्फवाट भएका माथिका प्रयासका विषयमा ध्यान नदिई दोस्रो पक्षवाट सम्झौताका शर्तहरुको गम्भीर उलंङ्घन भएकोले कार्यालयको तर्फवाट मिति २०७९ असार मसान्तसम्मको कुल मासिक हुन आउने कुल आय राजस्व रु.३,७३,८६,३८४ र हर्जना रु.३४,२०,९३,६९० गरी जम्मा रु.३७,९४,८०,०७४ र सम्झौतामा उल्लेख भए वमोजिमको हर्जना समेत असुल उपरको लागि दोस्रो पक्ष लगायतका विपक्षीहरुको विरुद्धमा सम्मानीत जिल्ला अदालत सुर्खेतमा मिति: २०७९।०४।१३ फिराद दर्ता समेत भई सकेकोमा सिटि वसपार्क व्यवस्थापन कार्यविधि, २०७६ र दुवै पक्ष वीच भएको वीरेन्द्रनगर सिटी बसपार्क संचालन तथा व्यवस्थापन सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार दोस्रो पक्षवाट ठेक्का सम्झौताका वखतमा कार्यालयमा पेश गरेको नगद वैंक ग्यारेन्टी जफत गरि ठेक्का तोडने प्रकृया अगाडी वढाउने र दोस्रो पक्षको तर्फवाट कानूनी अधिकार प्राप्त स्थानीय प्रतिनिधिले कार्यालयलाई कुनै पनि जानकारी वा पूर्व सुचना समेत नदिई वसपार्कको व्यवस्थापनको जिम्मेवारी अलपत्र छाडी सम्पर्क विहिन भएको भनि प्रहरी मुचुल्का सहितको रिपोर्ट कार्यालयमा पेश भएकोले वसपार्क यथावत रुपमा वेवारिस छाड्दा थप

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०४।२६ गतेको सातौ कार्यपालिका बैठकको निर्णयहरु

सरकारी हानी नोक्सानी हुने देखिएकोले नयाँ ठेक्का व्यवस्थापन नहुँदा सम्मका लागि नगरपालिकाले नै अन्तरिम व्यवस्थापन गर्ने र वसपार्कवाट प्राप्त हुने राजस्वलाई दैनिक रुपमा आम्दानी वाधी छुट्टै हिसाव राखी अमानतवाट नगरपालिकाले वसपार्क संच्चालन तथा व्यवस्थापन गर्ने ।साथै सोको अनुगमन सुशासन समितिले गर्ने ।

निर्णय न. ३. वीरेन्द्रनगर नगरपालिकामा हाल सूचना प्रविधि अधिकृतको पद रिक्त रहेको र न्यायीक समितिको कामलाई व्यस्थित रुपमा संचालन गर्न, सार्वजनिक सेवा प्रवाहलाई प्रविधि मैत्री रुपमा व्यवस्थापन गर्न र नगरपालिकाको ११ औ नगरसभाको निर्णयवाट सूचना प्रविधि ईन्जीनियर र कानून अधिकृत १/१ जनाको अस्थायी दरवन्दी सृजना गरि कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी गराउने निर्णय भएकोले सोको कार्यान्वयन गर्न प्रतिस्पर्धाको प्रवर्द्धन हुने गरि नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण तयार नहुन्जेल सम्मका आवश्यकताका आधारमा सार्वजनिक सूचना मार्फत विज्ञापन गरि योग्यता, सीप, दक्षता र क्षमता अनुभव समेत सबै खुल्ने गरी पदपूर्तिका लागी सार्वजनिक विज्ञापन गरी पदपूर्ती गर्ने ।

निर्णय न. ४. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९।८० को योजना तथा कार्यक्रमहरु सिघ्र कार्यान्वयनका लागी ठेक्का टेण्डर, उपभोत्ता समिति तथा कार्यालय मार्फत निर्धारित लक्षित उद्धेश्य, लक्ष्य र प्रगती गर्न तदारुकता देखाउने ।

निर्णय न. ५. (क) यस वीरेन्द्रनगर नगरपालिकामा गत विगत देखी कार्यरत रहेका तपशिलमा उल्लेखित करार सेवाका कार्यालय सहयोगी कर्मचारीहरुको वेतन हालको महङ्गी अनुसार निक्कै नै न्युन (मासिक १५ हजार) भएको भनि बृद्धि गरिपाउँ भनि पुर्नविचारका लागि निवेदन सहित पेश भएको तथा आर्थिक वर्ष २०७९।८० को बजेट मार्फत सबै कर्मचारीहरुको तलबमानमा १५ प्रतिशत वृद्धि भएको सन्दर्भ समेतलाई मध्यनजर गर्दै न्युन पारिश्रमिक प्राप्त गरिरहेका निम्न कर्मचारीहरुको लागी चालु आर्थिक वर्ष २०७९।८० को श्रावण देखी लागू हुने गरी न्युनतम मासिक देहाय अनुसारको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

| क्र स | कर्मचारीको नाम | न्युनतम मासिक पारिश्रमिक | कै |
|---|---|---|---|
| १ | का स प्रेम खरेल | २२०००।- | |
| २ | का स बिर्ख बुढा | २४०००।- | विपद जोखीम, हल सरसफाई व्यवस्थापन लगायतका अतिरिक्त कार्यबोझ रहेको |
| ३ | का स कमला गौतम | २२०००।- | |
| ४ | ईलेक्ट्रिसियन हेल्पर राम ब राना | २२०००।- | |
| ५ | सरसफाईकर्मी रमिता भगीं | २४०००।- | नगरकार्यपालिका कार्यालय, हाता लगायतमा सरसफाईकर्मीको अत्याधिक कार्यबोझ |

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०४।२६ गतेको सातौ कार्यपालिका बैठकको निर्णयहरु

(ख) मिति २०७९/०३/१३ गतेको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस निर्णय अनुसार यस नगरपालिकाको वारुणयन्त्रको प्रभावकारी संचालनका लागी साविकमा वैकल्पीक चालक राखिएकोमा हाल निज समेत नभएको साथै कार्यालयको लोडर र टेक्ट्र समेत संचालन गर्नका लागी १ जना सवारी चालकको सेवा आवश्यक रहेको हुँदा वडा न ११ को कार्यालयमा विगत देखी टेक्ट्र संचालन कार्यमा संम्लग्न रहेका वी.न.पा ११ निवासी श्री शेरबहादुर महतरालाई नै २०७९ श्रावण १ देखी मासिक पारिश्रमिक रु.२४ हजार उपलब्ध गराउने गरी सवारी चालकको रुपमा करार गर्ने ।

(ग) लाटीकोईली स्वास्थ्य चौकीमा वर्थिङ सेन्टरमा २४ सै घण्टा सेवा प्रवाह भईरहेको सन्दर्भमा गत विगत देखी वर्थिङ सेन्टर कार्यालय सहयोगीको रुपमा कार्यरत वी.न.पा २ निवासी श्री सिता चौधरीलाई २०७९ श्रावण १ देखी मासिक पारिश्रमिक रु.१५,४५०। उपलब्ध गराउने गरी करार गर्ने।

(घ) वीरेन्द्रनगर नगरपालिकामा फोहोर व्यवस्थापन र विपद् व्यवस्थापनको कार्यमा गत विगत देखी नै कार्यरत रहेका दैनिक ज्यालादारीको करार सेवामा कामकाज गरी डोर हाजिरीबाट पारिश्रमिक प्राप्त गरिरहेका निम्न सरसफाईकर्मीहरुको लागी चालु आर्थिक वर्ष २०७९/८० देखी लागू हुने गरी न्युनतम मासिक २२ हजार पारिश्रमिक र सरसफाईकर्मी पद नाम कायम हुने गरी २०७९ पौष मसान्त सम्मका लागी करार गरी कामकाजमा खटाउने निर्णय गरियो ।

| क स | कर्मचारीको नाम |
|---|---|
| १ | रोहित बसेल |
| २ | धन ब थापा |
| ३ | याम ब बसेल |
| ४ | दिपेश बसेल |
| ५ | नन्दराम चौधरी |

निर्णय न. ६.वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ को हटिया लाईनको सरकारी जग्गा लाई सुर्खेत उपत्यका नगर विकास समितिबाट निर्णय गराई उक्त कार्यालयको सिफारिस समेतको आधारमा वीरेन्द्रनगर नगरपालिवाट उपयोग र संरक्षण गर्ने गरि उक्त स्थानमा व्यावसायिक सपिङ्ग कम्प्लेक्स निर्माण गर्न सरकारी जग्गा लिज तथा उपयोग गर्ने सम्वन्धी कार्यनीति, २०७९ अनुसार जग्गा उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारी संयोजक रहेको जिल्ला सिफारिस समिति मार्फत, नेपाल सरकार शहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमी व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरवार, काठमाडौंमा नगरपालिकाले प्रयोग/उपयोग तथा भोगाधिकार कायम हुने निर्णयका लागि अनुरोध गर्ने ।साथै उक्त व्यवसायिक भवन निर्माणको लागि

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०४।२६ गतेको सातौ कार्यपालिका बैठकको निर्णयहरु

नगरपालिकाको आफ्नो वित्तीय श्रोतले मात्र व्यवस्थापन गर्न कठिन भएकोले नगर विकास कोष (TDF) काठमाण्डौबाट सरल कर्जा लिएर परियोजना निर्माण गर्ने गरि स्वीकृति दिने ।

**निर्णय न. ७.**मिति २०७९।०३।३१ गतेको छैठौ कार्यपालिका बैठकको निर्णय न ४ (ख) बमोजिम नगरपालिकामा मितव्ययीता कायम राख्न हाल कार्यालयबाट दिईएको कुनै पनि अतिरिक्त सुविधा कटौती गर्ने भन्ने निर्णयको व्यहोराका सम्बन्धमा नगरपालिकाबाट कर्मचारीहरुलाई गत विगत देखी नीतिगत निर्णय अनुसार प्रदान गर्दै आएको ५ प्रतिशत स्थानीय भत्ता कटौती नभएको स्पष्टता कायम गरियो ।

**निर्णय न. ८.**यस नगरपालिका क्षेत्र भित्र हुने कबाडी मालसामानहरुको व्यवस्थापनका लागि मिति २०७९।०३।३१ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार विगतमा गरिएको ठेक्का सम्झौताको म्याद यहि आषाढ मसान्तमा समाप्त भएको सन्दर्भमा गत सालको टेण्डर मूल्यमा २० प्रतिशत थप गरी सूचना (E-Bid) आह्वान गर्ने निर्णय भएको तर सो निर्णय कार्यान्वयनमा प्राविधिक रुपमा कठिनाई भएकाले प्रतिस्पर्धा प्रवर्द्धन हुने गरी हार्डकपीबाट कार्यालयबाट सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन भएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. ९.**चालु आर्थिक वर्ष २०७९।८० मा संचालन हुने गरी मुख्यमन्त्री रोजगार कार्यक्रमको लागी देहायका योजना स्वीकृत भएकाले यी योजनाहरु संचालनका लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सरोकारवाला निकाय समक्ष लेखी पठाउने ।

(संम्लग्न पाना संख्या ४)

**निर्णय न. १०.** तपसिल बमोजिमको नगरपालिका तर्फ आर्थिक वर्ष २०७८।७९ का लागी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सम्झौता सम्पन्न भएका योजना तथा कार्यक्रम तर्फका भूक्तानी बाँकी सूचीका आयोजना तथा कार्यक्रमहरु आर्थिक वर्ष २०७९।८० को वार्षिक कार्यक्रममा भूक्तानी बाँकी आयोजना जनाई भुक्तानी दिने ।

(संम्लग्न पाना संख्या ४)

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

निर्णय न. ९. सँग सम्बन्धीत

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९।०८० का लागि वीरेन्द्रनगर नगरपालिकाबाट स्वीकृत गरी पठाईएका योजनाहरु

| वडा नं. | | योजनाको नाम | बजेट |
|---|---|---|---|
| १ | १ | भोजु गिरीको घरदेखि गन्द्रमाको घरसम्म पक्की नाला निर्माण | १५००००० |
| | २ | कर्णाली राजमार्ग राम बहादुर चलाउनेको घरदेखि लिलाराम पुरीको घरहुँदै कृष्ण सामुदायिक वन भवन सम्म जाने वाटो पक्की नाला ग्रावेल | १५००००० |
| | ३ | कोपिला भ्याली स्कुलदेखि केराघारी खोलासम्म पक्की नाला निर्माण | १५००००० |
| २ | १ | सृजना टोलको लक्ष्मण देवकोटाको घर देखि खोला सम्म बाटो स्तर बृदि | १५००००० |
| | २ | सृजनशिल टोल हुँदै राम नगर टोलको बाटो स्तर बृदि हुदै कलबोर्ड | १५००००० |
| | ३ | सिम्ले टोलमा बाटो स्तर बृदि साथै तटबन्धन | २०००००० |
| ३ | १ | हरिडिल भुमी माध्यामिक विद्यालयको नया भवन निर्माण | १५००००० |
| | २ | पतेनी रोड देखि वडा कार्यालय हुँदै हरिडिलभुमी मा वि सम्मको वाटो स्तरउन्नती | १५००००० |
| | ३ | विजय कटेज हुँदै गैरीगाउँ जाने बाटो स्तरउन्नती | ३०००००० |
| ४ | १ | जिरो ड्यामदेखि उज्वलटोलसम्म खोर्केखोलामा रिटोलिङ्ग वाल निर्माण | ३०००००० |
| | २ | उज्वलटोलदेखि गैरीटोल हुदै रातोपुल सम्मको खोर्केखोलाको अपुरो रिटोलिङ्ग वाल निर्माण | ३०००००० |
| | ३ | रातोपुलदेखि कृष्णटोलसम्मको खोर्केखोलाको बाकी रहेको रिटोलिङ्ग वाल निर्माण | ४०००००० |
| ५ | १ | आधारभुत स्वास्थ्य केन्द्रको भवन विस्तार | २०००००० |
| | २ | सक्षम टोलको १५० मिटर अधुरो कालोपत्रे निर्माण | २०००००० |
| | ३ | कृष्ण मन्दिर गैरिटोल अधुरो नाला निर्माण र पिच सडक निर्माण | १५००००० |
| ६ | १ | सारु लाइन तथा प्रगति टोल हुदै पुल्चोक टोल जानेवाटो को सडक स्तरउन्नती | १५००००० |
| | २ | मुख्य सडक तथा भित्री बाटो स्तरउन्नती | १५००००० |
| | ३ | खारखोली हुदै खोर्के खोलामा तटबन्धन | १५००००० |
| ७ | १ | सुनोलो टोलमा नाला निर्माण | १५००००० |
| | २ | श्री कृष्ण मावि ७ इत्राम स्कुल पश्चिम तर्फको वाटोको नाला निर्माण | १५००००० |
| | ३ | पुरानो वडा कार्यालय देखि गणेश गुरुङगको घर सम्मको नाला निर्माण | ३०००००० |
| ८ | १ | कर कार्यालय देखि पुर्व सिम्तालि चौक हुदै ईत्राम खोला जाने सडक सतह ढल र अधुरो कालो पत्रे | ३०००००० |
| | २ | मिलन पार्क व्यवस्थापन तथा स्वीमङ्ग पुल निर्माण | ३०००००० |
| | ३ | ८ न वडा कार्यालय तला थप र डिप बोरिङ्ग | १५००००० |
| ९ | १ | अलयाचौर वुदवुदी भरी जोड्ने अन्तरनगर सडक | १५००००० |
| | २ | विभिन्न टोलहरुमा नयाँ वाटो रेखाङ्गकन | १५००००० |
| | ३ | काक्रेविहार संरक्षण क्षेत्र व्यवस्थापन | १५००००० |
| १० | १ | नयाँ घुसो जग बहादुर थापाको घर देखि रण बहादुर चौधरीको घर सम्म वाटो स्तरउन्नती | १५००००० |
| | २ | साततले टोलदेखि वडा न ९ वाउन्नेचोर जोड्ने वाटो स्तर उन्नती | १५००००० |
| | ३ | पशुपतिनगर टोल कुमार खड्काको घर हुदै दसि जाने वाटो स्तर उन्नती | १५००००० |
| ११ | १ | सशिराम सुनारको घरदेखि चक्रपाणी लामिछानेको घरसम्म तटबन्धन | १५००००० |
| | २ | पशुरामको मिलदेखि धर्मदतमार्ग हुदै रत्नराजमार्ग सम्म सडक स्तरोन्नती | १५००००० |
| | ३ | निर्माणाधिन वडा कार्यालय आसपासका सडक स्तरोन्नती | १५००००० |
| १२ | १ | वडा न. १२ स्थित सम्झना टोल अन्तर्गत नेवारे खोला नयाँ पुल उत्तर तर्फ राम बहादुर थापाकव घर नजिक तटबन्धन | १५००००० |
| | २ | वडा न. १२ कैलाश टोल अन्तर्गत कृपा ब्ढाकोघर नजिक नेवारे खोला तटबन्धन | १५००००० |
| | ३ | वडा न. १२ प्रगति टोल अन्तर्गत नेवारे खोला भेरिपारे कुलो तटबन्धन | १५००००० |
| १३ | १ | करखोला पाँचघरे सडक स्तरउन्नती | १५००००० |
| | २ | करखोला सोलिघोप्टे सडक स्तरोन्नती | १५००००० |
| | ३ | जलुके सिंचाइ कुलो निर्माण | १५००००० |
| १४ | १ | छेडा राम्चे सडकमा पक्की नाला निर्माण | १५००००० |
| | २ | चन्दने खानेपानीको पाइपलाईन विस्तार | १५००००० |
| | ३ | रामकाँडामा रहेको सिदपाइला मन्दिर निर्माण | १५००००० |
| १५ | १ | वडा कार्यालय तला थप | १५००००० |
| | २ | सोलीघोप्टे देखि वडा कार्यालय हुँदै डल्लेखाली जोड्ने सडक स्तरउन्नती | १५००००० |
| | ३ | देबिल्ला देखि रतुदेबीस्थान हुँदै निगालपानी जोड्ने सडक स्तरउन्नती | १५००००० |
| १६ | १ | चौबारी, तिनघरे, भित्रीखोला, काफलगैरी, घ्युपोखरी सडक स्तर उन्नती तथा नाला निर्माण | २५००००० |
| | २ | पाखापानी लेहँडा पोखरीपाटा वडा कार्यालय जोड्ने सडक स्तरउन्नती तथा नाला निर्माण | १५००००० |
| | ३ | पाखापानी थालपोखरी छात्रावास भालुखर्क पोखरीपाटा सडक स्तर उन्नती तथा नाला निर्माण | २०००००० |

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

(निर्णय नं. १० सँग सम्बन्धीत)

## चालु भुक्तानी दिन बाँकी विवरण

| सि.नं. | योजनाको नाम | भुक्तानी गर्नुपर्नेको नाम | भुक्तानी गर्नुपर्ने रकम | वडा नं | कै |
|---|---|---|---|---|---|
| १ | सरसफाइ सुल्क खर्च | माधुरी न्यौपाने | १६८०५० | १ | |
| २ | बैठक भत्ता | माधुरी न्यौपाने | ३६००० | १ | |
| ३ | फोहोरमैला व्यवस्थापन | टिका कुमारी थानी | ९२२६० | ६ | |
| ४ | वडा नं ७ को मर्मत | कृतिका अटो पार्टस | ९९९० | ७ | |
| ५ | बहस मुद्दा सम्बन्धि खर्च | उत्तम प्रसाद आचार्य | ३८००० | ७ | |
| ६ | घरभाडा | लोकसरी भण्डारी | १०००० | ७ | |
| ७ | वडा बैठक भत्ता | टेक बहादुर बि सि | ३६००० | १० | |
| ८ | वडा बैठक भत्ता | विष्णु प्रसाद आचार्य | ३५००० | ११ | |
| ९ | सरसफाइ सुल्क खर्च | वडा नं ११ का सरसफाइकर्मि | ५४४८० | ११ | |
| १० | वडा बैठक भत्ता | उत्तम अधिकारी | ३३००० | १२ | |
| ११ | खाजा नास्ता | प्रेम प्रसाद खराल | ६००० | १२ | |
| १२ | विविध खर्च | तस्विर बि क | ४७००० | १६ | |
| १३ | सिलाइ कटाइ तालिम संचालन | न्यू नेपाल ट्रेड एण्ड सप्लायर्स | ५३६२५० | | |
| १४ | लोक सेवा तयारी कक्षा | सौगात मल्टिपल एकेडेमि | १९०००० | | |
| १५ | भ्रमण खर्च | कर्मचारीहरु | १८९७०० | | |
| १६ | बैठक भत्ता | उपेन्द्र कुमार लामिछाने | १९८००० | | |
| १७ | बैठक भत्ता | राजन कुमार तिवारी | ८६००० | | |
| १८ | विपद व्यवस्थापन समितिको बैठक | टंक प्रसाद आचार्य | १७३००० | | |
| १९ | विभिन्न समिति | प्रकास पौडेल | ६०००० | | |
| २० | पदाधिकारी सुविधा चेक फिर्ता | नविल बैंक लिमिटेड | १४४६७२० | | |
| २१ | सवारी मर्मत | | ५८६२९ | | |
| २२ | अतिरिक्त कार्य | शुसिला अर्याल | ११०२५० | | |
| २३ | बैठक भत्ता | उत्तम प्रसाद आचार्य | २३००० | | |
| २४ | इन्टरनेट | टेकमाइन्ड नेटवर्क प्रा लि | १७००० | | |
| २५ | सुचना प्रकाशन | अल मिडिया सोलुसन | २८२८५ | | |
| २६ | | अनुपम भेट सेन्टर | १९८५० | | |
| २७ | हाइमास्टलाइट विद्धुत शुल्क | नेपाल विद्युत प्राधिकरण | ३१०४६ | | |

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | शुभकामना एग्रो इन्टरप्राइजेज लागत सहभागिताको रकम | शुभकामना एग्रो इन्टरप्राइजेज | २००००० | | |
| २९ | इन्धन | उमा आयल स्टोर | १६३३३९ | | |
| २९ | भिडिय एक्सरे | देउती अस्पताल | १००००० | | |
| ३० | डस ट्रेडिङ्ग | | ३८२०० | | cgas तर्फको चेक सट्न बाकी |
| ३१ | न्यु प्रभात स्टेशनरी सेन्टर एण्ड जनरल अर्डर सप्लायर्स | | ३९७७५ | | |
| ३२ | भैरव स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | | ३८१०० | | |
| ३३ | तृसी इलेक्ट्रोनिक्स | | ३७७१९४ | | |
| | जम्मा | | ४६९०११८ | | |

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

## पुंजीगत भुक्तानी दिन बाँकी विवरण

| सि.नं. | योजनाको नाम | भुक्तानी गर्नुपर्नेको नाम | भुक्तानी गर्नुपर्ने रकम | वडा नं | कै |
|---|---|---|---|---|---|
| १ | सरस्वती प्रा वि गेट निर्माण | सरस्वती प्राथमिक विद्यालय | १००००० | १ | |
| २ | डिप बोरिङ्ग | शिव सम्भु कन्स्ट्रक्सन | ८९७२३८ | १ | |
| ३ | फर्निचर व्यवस्थापन | भैरव माध्यमिक विद्यालय | ३५०००० | ४ | |
| ४ | डिप बोरिङ्ग | दलित अतिविपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ८९८२९२ | ४ | |
| ५ | बोरिङ्ग | मष्ट महेश्वर मन्दिर निर्माण उ स | ९२४६९९ | ४ | |
| ६ | वडा नं ४ का विभिन्न ठाउमा सडक ग्राभेल | हाम्रो टोल विकास संस्था | २३०६१८७ | ४ | |
| ७ | फर्निचर व्यवस्थापन | भैरव माध्यमिक विद्यालय | २००००० | ४ | |
| ८ | लक्ष्मण गिरीको घरदेखि पश्चिम अस्पतालको सडक स्तरोन्नती | बबिता निर्माण सेवा | १८७१२० | ४ | |
| ९ | बसपार्क विस्तार | नवदुर्गा मालिका निर्माण सेवा | ६२४३३२४ | ६ | |
| १० | पुल्चोक टोल विकास संस्था - महेश नेपालीको घर- | पुलचोक टोल विकास संस्था | ३६९६२३ | ६ | |
| ११ | वडा कार्यालय भवन निर्माण | के आर बिल्डर्स प्रा लि | ३४२३८५१ | ६ | |
| १२ | तिलक बस्नेतको घर हुदै पूर्व तर्फ डि भि निकेतन जाने सडक स्तरोन्नती | रमेश कन्स्ट्रक्सन | ६५६६०५ | ७ | |
| १३ | कालुङचोकमा चौतारा निर्माण | सुवास निर्माण सेवा | १४४८२५ | ७ | |
| १४ | चपाइ चोक चौतारा निर्माण | निल बहादुर थापा | ९८८५५ | ७ | |
| १५ | नविन चपाइको घर देखि उत्तर तर्फ सडक स्तरोन्नती | रमेश कन्स्ट्रक्सन | १०५६७७ | ७ | |
| १६ | धिरेन्द्र चन्दको घरदेखि पश्चिम नाला तथा सडक स्तरोन्नती उ स | धिरेन्द्र चन्दको घरदेखि पश्चिम नाला तथा सडक स्तरोन्नती उ स | ५००००० | ८ | |
| १७ | कर्किविहार क्षेत्र लगायत समुदायमा खानेपानी व्यवस्थापन उ स | कर्किविहार क्षेत्र लगायत समुदायमा खानेपानी व्यवस्थापन उ स | ८००००० | ९ | |
| १८ | मगलगढी मिलनटोल देखी पिपलडाडा टोल पर्सेनी सम्म सडक स्तरोन्नती तथा बाटो ग्रावेल उ.स. | | १०४७४६५ | ९ | |
| १९ | कर्किविहार गेट उत्तर तर्फ घुम्ति सडक स्तरोन्नती | | २००००० | ९ | |
| २० | मंगलगढि भित्र सडक नाला मर्मत तथा कालोपत्रे | | ३८५१०३ | ९ | |
| २१ | बोरिङ्ग | शिर्जनशिल टोलमा डिप बोरिङ्ग | १५०००० | ९ | |
| २२ | पिपलपानी अर्पन स्थल मर्मत तारजाली | पिपलपानी अर्पन स्थल मर्मत तारजाली | १९९०६९ | १० | |
| २३ | वेलघारी सिचाइ तथा खानेपानी | | २००००० | १० | |
| २४ | माउतेकुना ह्युमपाइप | मनिकापुर टोल विकास संस्था | ८७००० | १० | |
| २५ | थारु ठनुवा निर्माण कार्य | थारु ठनुवा निर्माण समिति | १२४७७४ | १० | |
| २६ | जस्ता पाता | शहरी स्वास्थ्य केन्द्र रतु | १००००० | १५ | |

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | फर्निचर व्यवस्थापन | शहरी स्वास्थ्य केन्द्र रतु | १००००० | १५ | |
| २८ | भकारो सुधार | भकारो सुधार उपभोक्ता समिति | ३००००० | १५ | |
| २९ | थारु कल्याणकारी सभा तला थप | थारु कल्याणकारिणी सभा | २५०००० | | |
| ३० | जि स स ग्राट सहकार्य योजना वापत | | ११००००० | | |
| ३१ | थारु कल्याणकारी सभा तला थप | थारु कल्याणकारिणी सभा | २५०००० | | |
| ३२ | कटकुवा तपोभुमि धार्मिक वन संरक्षण वीरेन्द्रनगर सुर्खेत | | ३३३५०० | | |
| ३१ | थारु कल्याणकारी सभा तला थप | थारु कल्याणकारिणी सभा | २५०००० | | |
| | जम्मा | | २३२८३२०७ | | |

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश, नेपाल २०७३

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner